# हिमाली गाउँपालिका

# गाउँकार्यपालिका कार्यालय

# धुलाचौर, बाजुरा



## विद्धेयक समितिको प्रतिवेदन आ.व.२०७५/७६

# विधेयक समितिको प्रतिवेदन २०७५

यस हिमालि गाउँ पालिकाको विधेयक समितिका अध्यक्ष श्री लालजित थापाद्धारा प्रस्तुत आ.व.२०७५।०७६ को विधेयक समितिको निति तथा कार्यक्रमको प्रतिवेदन

यस गरिमामय सभाका प्रमुख अतिथि एबं हिमालि गाउँ पालिका अध्यक्ष ज्यु
यस गरिमामय सभाका बिशिष्ट अतिथि एबं हिमालि गाउँ पालिका उपाध्यक्ष ज्यु
यस गरिमामय सभाका बिशिष्ट अतिथि एबं हिमालि गाउँ पालिका प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
यस गरिमामय सभाका अतिथि एबं हिमालि गाउँपालिकाका वडा अध्यक्ष लगायत कार्यपालिकासम्पुर्ण सदस्य ज्युहरु
यस गरिमामय सभाका गाउँसभाका सदस्य ज्यूहरु,
यस गरिमामय सभामा उपस्थित सम्पूर्ण विषयगत शाखाका सरकारी तथा गैर सरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि ज्युहरु

# भूमिकाः

यस हिमालि गाउँ पालिकाको पहिलो आ.व.२०७५।०७६ को विधेयक समितिको निति तथा कार्यक्रमको प्रतिवेदन प्रस्तुत गर्न पाएकोमा अत्यन्त गौरव महशुस गरेको छु । सर्ब प्रथम देश र राष्ट्रका लागि तथा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका र विकासका लागि आफ्नो ज्यान आहुति दिने ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्न चाहन्छु ।

आदरणिय यस सभाका प्रमुख अतिथि , बिशिष्ट अतिथि , अतिथि ज्युहरु

नेपालको राजनैतिक इतिहाँसमा युगान्तकारी महत्व राख्ने परिवर्तनका साथ नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको रुपमा स्थापना भएको छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ,वहुलवाद,सामाजिक न्याय शहितको समानुपातिक समावेशि प्रतिनिधिमुलक व्यबस्था ,मौलिक अधिकार ,धर्म निरपेक्षता,नागरिक स्वतन्त्रता जस्ता महत्व पुर्ण उपलव्धिहरु संस्थागत भएका छन् । संविधानले व्यवस्था गरेको संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको ३ ओटा सरकार मध्य सवैभन्दा नजिकवाट सम्वन्ध राख्ने स्थानिय सरकार संचालनका लागि स्थानिय निर्बाचन मार्फत आफ्ना जनप्रतिनिधिहरु निर्वाचित गरिसकेका छन् । यस गाउँ कार्यपालिका

सभाका आदरणिय यस सभाका प्रमुख अतिथि , बिशिष्ट अतिथि , अतिथि ज्युहरु प्रति हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

नेपाल संविधान (२०७२) को मुल मर्म र भावना अनुसार जनताका सम्पुर्ण अधिकारको शुनिश्चिता ,अधिकार सम्पन्न स्थानिय तहतबाट गर्नु पर्ने व्यहोरा यस गरिमामय सभालाई स्मरण गराउँन चाहन्छु । विद्येयक समिति संयोजक हुनुको नाताले आफ्नो कर्तव्य र जिम्मेवारी प्रति आत्मवोध गर्दै निरन्तर देश ,जनता र यस क्षेत्रको संम्वृद्धि र विकासमा लागि रहने प्रतिवद्धता यस गरिमामय सभा समक्ष निवेदन गर्दछु ।

यस हिमालि गाउँपालिका वाजुरा जिल्लाको आर्थिक तथा सामाजिक अर्न्तर सम्वन्धको केन्द्र मात्र नभएर यस प्रदेशको आर्थिक केन्द्रको रुपमा विकसित हुने प्रशस्त सम्भावना रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । यस क्षेत्रको समग्र विकासका लागि सिमित स्रोत र साधनको प्रयोग गर्दै एउटा सक्षम, सम्पन्न र सुन्दर हिमाली गाउँपालिका देख्नु हामि सवैको चासो हो । प्राकृतिक सुन्दरता, धार्मिक तथा संस्कृतीकमा रहेको विविधता नै यस क्षेत्रको प्राण हो । कृषि, जडिबुटी, पर्यटन, व्यापार-व्यवसाय र उद्योग यस क्षेत्रको सम्भावना हो । यि सबैको न्यायोचित विकासवाट मात्रै हामी दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सक्छौ । यसका लागि स्थानिय , प्रदेश तथा केन्द्रिय सरकार , सम्पुर्ण राजनैतिक दलहरु , विभिन्न संघ संस्था ,सहकारी तथा निजि क्षेत्रको विकास र परिवर्तन प्रतिको सकरात्मक सोच , जुझारु एकता ,दृढ ईच्छा शक्ति हुनु जरुरी देखिन्छ ।

आदरणिय यस सभाका सभा अध्यक्ष ज्यू ,

अव म यस सम्मानित सभामा हामिले गत वर्षमा निमार्ण गरीएका नीति तथा नियमहरुको जानकारी गराउदै आगामी बर्षमा लिईने मुख्य निति तथा नियमहरु प्रस्तुत गर्न चाहन्छु ।

# हाल सम्म पारित भएका विद्येयकहरु:

| क.स | विधेयकको नाम |
|---|---|
| १ | गाउँ सभा सञ्चालन कार्यविधि |
| २ | हिमाली गाउँपालिकाको विनियोजन ऐन |
| ३ | हिमाली गाउँपालिकाकाको आर्थिक ऐन |
| ४ | हिमाली गाउँपालिकाका पदाधिकारीको आचार संघीता |
| ५ | हिमाली गाउँपालिकाको शिक्षा नियमावली |
| ६ | हिमाली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन |
| ७ | हिमाली गाउँपालिकाको कृषि व्यवसाय प्रवद्धन ऐन |
| ८ | हिमाली गाउँपालिकाको आर्थिक कार्य विधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन |
| ९ | हिमाली गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका |
| १० | हिमाली गाउँपालिकाको एफ एम रेडिमो सञ्चालन तथा व्यवस्थापन कार्यविधि |
| ११ | हिमाली गाउँपालिकाको सहकारी ऐन |
| १२ | हिमाली गाउँपालिकाको कर तथा गैर कर राजस्व सम्बन्धी ऐन |
| १३ | हिमाली गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी ऐन) |
| १४ | हिमाली गाउँपालिकाका कर्मचारीको आचार संहिता |
| १५ | हिमाली राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि |

## आवश्यक निमार्ण गरिनु पर्ने विद्येयकहरु

१. नगर प्रहरी सम्बन्धी ऐन ।
२. जेष्ठ नागरिक तथा अपाङ्ग सम्बन्धी कार्यविधि ।
३. विपद्व्यवस्थापन सम्बन्धी कार्यविधि ।
४. सार्वजनिक जग्गा व्यवस्थापन कार्यविधि ।
५. खनिज प्रर्दाथ संरक्षण तथा उत्खलन सम्बन्धी ऐन ।
६. जडी बुटी संरक्षण तथा उत्खलन सम्बन्धी कार्यविधि ।

# नीति तथा कार्यक्रमहरु २०७५/७६

- गाउँपालिकामा राम्रो काम गर्ने व्याक्तिलाई पुरस्कृत गर्ने व्यवस्था गरिनुपर्ने छ ।
- गाउँपालिकामा अन्य संघ संस्थालाई कार्य संचालनमा सहजताका लागि साझेदारी कोषको व्यवस्था हुनुपर्छ ।
- गाउँपालिकामा संचालित सम्पुर्ण संघ संस्थाको नियमित अनुगमन मुल्याङ्कन गाउ पालिकाबाट गरिनुपर्छ ।
- महिलाको पाठेघर समस्या र वालविवाह ,वहुविवाह ,छुवाछुत , छाउपडि प्रथा निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनुपर्छ ।
- महिला, बालवालिका, किशोरी, युवा, जनजाती तथा पछाडी परेका सिमान्तकृत बर्गलाई व्यावसायिक सिपमुलक क्षमता विकास कार्यक्रम संचालन गरिनुपर्छ ।
- खेल क्षेत्रको बिकासका लागि गाउँपालिका स्तरिय र वडा स्तरिय खेल मैदानको ब्यवस्था गरिनुपर्छ ।
- प्रत्येक बस्तीमा स्वच्छ र सुरक्षित खानेपानी ब्यवस्थापनमा जोड दिनुपर्छ ।
- गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति गठन छ भने पत्येक वडामा न्यायिक सपर्क व्यक्ति तोकिनु पर्नेछ ।
- यस हिमाली गाउँपालिकाको उत्तरी क्षेत्र सैनचौर लगायतका क्षेत्रमा अबैधरुपमा जडिवुटी तथा वन्यजन्तुको चोरी सिकारी भएको हुँदा सुरक्षा बलको स्थापन गर्नु पर्ने देखिन्छ ।
- सामुदायिक वन ,कवुलियत वन , रानी वन क्षेत्रको संरक्षण तथा सम्वद्धन गर्न आवश्यक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- प्रयेक वर्ष विषयगत समितिको कार्यविवरण समिक्षा  गरी उक्त समितिका पदाधिकारी  हेरफेर गर्नु पर्ने देखिन्छ ।
- सुशासन कायम गर्नका लागि गाउँपालिका तथा वडामा नागरिक वडापत्र, सर्तकता केन्द्र साथै प्रत्येक वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरिनुपर्छ ।

- शैक्षिक क्षेत्रको विकासका लागि गाउँ पालिका स्तरिय बहुपक्षिय अनुगमन तथा निरिक्षण समिति गठन,अन्तर विद्यालय स्तरिय क्षमता विकास कार्यक्रम,शिक्षक तथा अभिभावक विच अर्न्तक्रिया कार्यक्रम भौतिक रुपमा विद्यालय आत्म निर्भरका कार्यक्रम,शिक्षक ,विद्यार्थी ,वि.व्य.स.अध्यक्ष १५ दिन अनिवार्य विद्यालयमा हाँजिरी हुने र राम्रो गर्नेलाई प्रोत्साहन कार्यक्रममा जोड दिने निति गरिनुपर्छ ।
- पर्यटन  क्षेत्रको विकास गर्ने गाउँपालिका भित्रका सबै वडाहरुमा सडक संजालको विस्तार , मन्दिर तथा देविस्थल निर्माण , गुफा ब्यवस्थापन , खरि ढुङ्गा,चुन ढुङ्गाको उत्खनन,जंगल ,पाटन क्षेत्रको संरक्षण निति अगाडी सारिनु पर्छ ।
- जडिवुटी ,बन पैदावार क्षेत्रको संरक्षण र विकासका लागि वन शुरक्षा योजना बनाई खुल्ला सिमाना रहेको फुलसैन क्षेत्रमा शुरक्षावल स्थापनाको लागि विशेष पहल गरिनुपर्छ ।
- संचार क्षेत्रको विकासका लागि प्रत्येक वडामा फोन सेवा, ईन्टरनेट सेवा,गाउँपालिकामा मिडियाहल विस्तार कार्यक्रममा जोड दिईने छ ।
- कवाडीको पानी उज्यालोमा लगानी निति अनुरुप विद्युत क्षेत्रको गाउँ पालिकाको प्रत्येक बस्तिमा विद्युत सेवा विस्तार गरिनुपर्छ ।
- गाउँपालिका भित्र गाउँ प्रहरीको व्यवस्थापनमा पहल गरिनुपर्छ ।
- गाउँ पालिका भित्रका पसल होटल अनिबार्य दर्ता गरी मात्र संचालन गर्ने निति लागु गरिने छ ।
- आयआर्जनमा महिलाको  सहभागितालाई प्रोत्साहन गरिनुपर्छ ।
- साना सिचाई कार्यक्रम लाई प्राथमिकता दिईनु पर्ने देखिन्छ ।
- उत्पादन क्षेत्र जोड्ने प्रत्यक बस्तिमा बाटो घाटोलाई प्राथमिकता दिईनुपर्छ ।
- तरकारी फलफुल तथा जडिबुटीको विरुवा उत्पादन कार्यलाई वृद्धी गर्न  प्रोत्साहन कार्यक्रम संचालन गरिनुपर्छ ।
- आर्थिक क्षेत्रको विकासको लागि २० बर्षे दिर्घकालिन र ५ बर्षे अल्पकालिन रणनिति तय गरिनुपर्छ ।
- कृषि उत्पादनलाई प्रोत्साहन र विक्री वितरणमा सहजता ल्याउन गाउँपालिका केन्द्रमा पुर्वाधार विकास गरी साप्ताहिक कृषि,पशु पंक्षी हाटवजार संचालन गर्न पहल गरिनुपर्छ ।
- कृषि मल विउ ,पशु पंक्षी औषधी व्यबशाय -एग्रोभेट)संचालन गर्ने निजि क्षेत्रका व्यबशायिलाई प्रोत्साहन कार्यक्रम संचालनमा ल्याईनुपर्छ ।
- हिमाली गाउँपालिकाको भु-वनावट अनुकुल क्षेत्रको छनोट गरी आवश्यक बोटविरुवा उत्पादन गर्ने नर्सरीको व्यवस्था गरीनुपर्नेछ ।
- स्थानिय स्रोत साधनमा आधारित सिप मुलक कार्यक्रम संचालन गरी कम्तीमा प्रति बर्ष १५ जना रोजगारी हुने कार्यक्रम लाई निरन्तरता दिईनु पर्नेछ ।

- खाद्य तथा पशु पंक्षि पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिनुपर्छ ।
- रैथाने तथा अपहेलित बालिको उत्पादन र संरक्षणमा जोड दिईनुपर्छ ।
- रोग किरा नियन्त्रण,रसायनिक मल प्रविधिलाई निरुत्साहित गर्दै जैविक प्रविधी संचालन गरिनुपर्छ ।
- पछाडी परेका महिला ,दलित तथा बिपन्न बर्गका व्यात्तिका लागि ज्ञान ,सिप ,क्षमता विकासका कार्यक्रम संचालन गरिनुपर्छ ।
- जल,जंगल,गैरकाष्ठ वन पैदावार,जडिबुटी,फलफुल खेति,पशुपालनमा आधारित उद्योग(जटिबुटी प्रशोधन,अल्लो भाङ्ग्रो, स्याउ प्रशोधन,उन प्रशोधन, मह प्रशोधन , गैरकाष्ठ,वास,निगालोका सामग्री आदी ) संचालन गरिनेछ साथै उद्योग धन्दामा आधारित परिवारका बच्चाका लागि दिवा स्याहार केन्द्रको ब्यवस्था गर्ने निति लिईनुपर्छ ।
- सरकारी तथा गै.स.स.का कार्यक्रम संचालनमा एकद्धार निति अपनाईनुपर्छ ।
- बन ,भुसंरक्षण,कृषि तथा पशुपंक्षि विकास क्षेत्रको साझेदारीमा कृषि फार्म, सामुदायिक वन ,पहिरो ग्रस्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँस खेति , जडिबुटी खेति ,फलफुल विकासका कार्यक्रम संचालनका कार्यलाई अघि सारिनुपर्छ ।
- देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस गाउँपालिकाको प्रमुख आधार भएकाले प्रत्येक वडामा एक कृषि एक पशु स्वास्थ्य प्राविधिक राख्ने निति अघि सारिनुपर्छ ।
- कृषि क्षेत्रको विकासका लागि न्युनतम १५ प्रतिशत बजेट अबिलम्ब ब्यबस्था गरिनुपर्छ ।
- निर्बाहमुखि खेति प्रणालिलाई छोडी व्यावशायिक कृषि प्रणाली जोड दिईनुपर्छ ।
- योगदानमा आधारित अनुदान दिने कार्यक्रमको थालनी गरिनुपर्छ ।
- जलबायु परिवर्तन अनकुलनका कार्यक्रम संचालन गरिनुपर्छ ।
- फ्रेसहाउस ,बिउ वैङ्क ,कोल्ड स्टोर, रष्टिक स्टोर निर्माणका कार्यक्रम संचालन को लागि गरिनु पर्ने देखिन्छ ।
- 'गरिबि मुक्त हाम्रो हिमाली, खेति गरौ पशुपंक्षि र कृषिवालि' भन्ने निति अर्न्तगत कृषि तथा पशु पंक्षि क्षेत्रको बिकासका लागि नियमित अनुगमन प्रणाली कृषिजन्य ,दुग्ध जन्य पदार्थको उपयोग,प्रशोधन र बजारीकरण कार्यक्रम, लोप उन्मुख पशु पंक्षि ,बालिनालिको स्थानिय तथा पर स्थानिय रुपमा संरक्षण ,अण्डा ,मासु ,दुध,खाद्यान्न बालि, फलफुल ,तरकारी,नगदेवालिमा आत्म निर्भर वनाउने, कार्यक्रम संचालन गरिनुपर्छ ।
- हिमाली गाउँपालिका वडा नं. १, २, ३ क्षेत्रमा हल्दी खेतिको पकेट क्षेत्र घोषणा गरि उक्त क्षेत्रको विकाशको लागि आवश्यक रकमको व्यवस्था गरिनु पर्नेछ ।

- १ घर १० वोट डाले घाँस खेति,  १ करेसावारी ,१ बहुबषिय घाँसे बगैचा ,१ धुवा रहित चुलो ,१ मल खाल्डो ,गोठेमल व्यवस्थापन तथा गोठ सुधारका कार्यक्रम तत्काल संचालनमा ल्याईनुपर्छ ।
- पशुपंक्षि तथा कृषि जन्य रोग नियन्त्रणका लागि साधारण ल्याव, माटो परिक्षण प्रयोगशाला, जैविक विषादी व्यवस्थापनमा व्यवस्था गरिनुपर्छ ।
- धुम्रपान, मध्यपानको ईजाजत पत्र लिएको व्याक्तिले निश्चित अवधी भित्रमा मात्र कारोवार गर्ने र अन्य नेपाल सरकारद्धारा प्रतिवन्धित लागुपदार्थ कारोवार गरेमा रोकावट र जरिमाना गर्ने निति लिईनुपर्छ ।
- जोखिम बस्तीलाई बस्ती बिकास तथा स्तानान्तरण कार्यक्रम संचालनमा ल्याईनु पर्नेछ ।
- स्वास्थ्य संस्थामा ल्याई सुत्केरी गराउनेलाई प्रोत्साहन गरिनुपर्छ ।
- होटल-पसल तथा अन्य व्यवशाय संचालन गर्दा दर्तावाला वा ईजाजत पत्र लिएको व्याक्तिले मात्र कारोवार गर्ने व्यवस्था मिलाईनु पर्नेछ । अन्यथा कारोवारमा रोकावट र जरिमाना गर्ने निति गरिनुपर्छ ।
- "हरियो वन नेपालको धन" कार्यक्रम संचालन निति अर्न्तगत कर्णाली करिडोर, र अन्य शाखा रोड, बाढी, पहिरो प्रभावित क्षेत्रमा तटबन्धन, बृक्षारोपण गर्ने दिर्घकालिन रणनिति तयार गरी कार्यक्रम संचालन गरिनुपर्नेछ ।
- प्रत्येक वडामा सहकारी सस्था गठन गरी आर्थिक संरक्षण र युवाहरुलाई रोजगारी कार्यक्रम अर्न्तगत यस गाउँपालिकाबाट आवश्क निति तथा कार्यक्रम  अगाडी सारिनुपर्छ ।
- परम्परागत संस्कृति देउडा, मागल, चार्ची, भारी खेल, छैठी, चुट्कीला, मुजेरा, आरधी जस्ता कलाको विकास र संरक्षका कार्यक्रम संचालनमा रणनिति तयार गरिनुपर्छ ।
- "म स्वस्थ मेरो गाउँपालिका स्वस्थ" निति अनुसार हिमाली गाउँपालिका क्षेत्र भित्रका सवै वस्ती तथा वडामा स्वास्थ्य सेवा कार्यक्रम संचालनका लागी गाउँघर किल्नीक र स्वास्थ्य चौकी प्रस्तुती गृहको लागि गा.पा.केन्द्रमा १५ सैया सम्म रहेको अस्पताल  संचालनको लागी विशेष पहल गरिनुपर्छ ।
- लोप उन्मुख बन्यजन्तु  बाघ, हिमचीतुवा, भालु, झारल, नावर, घोरल, कस्तुरी, मृग, डाँफे, कालिज जस्ता जिवजन्तु तथा चराचुरुङ्गी संरक्षण, डढेलो नियन्त्रण, वनअतिक्रमण नियन्त्रण, चोरी सिकारी नियन्त्रण जस्ता जनचेतना मुलक कार्यक्रममा जोड दिईनुपर्छ ।
- धार्मीक तथा पुरातात्तिक संरचना, सार्वजनिक स्थलको संरक्षका कार्यक्रम अघि सारिनुपर्छ ।
- चरन क्षेत्र संरक्षणका लागि खर्क क्षेत्रमा ह्वाईट क्लोभर घाँस खेति, बधुवा र चरन चक्र प्रणाली अनुसार चराउँने व्यवस्थाको सुरुवात गरिनुपर्छ ।

- विपत जोखिम न्युनिकरणका लागी हिमाली गाउँपालिका बिपत व्यस्थापन निर्देशिका तयार गरी विपत न्युनिकरणका लागि चेतना विकास तथा अन्य विपत जोखिम न्यूनिकरणका कार्यक्रम संचालनमा जोड दिईनुपर्छ ।
- गाउँघरमा सरसफाईलाई अभियानका रुपमा संचालन गरिनुपर्छ ।
- यस गाउँ पालिका भित्र रहेका सम्पुर्ण शाखा तथा इकाईमा रिक्त रहेका दरवन्दी पुर्तिको लागि आवश्यक पहल गरिनुपर्छ ।
- कर्मचारी तथा जन प्रतिनिधिको क्षमता विकासका लागि क्षमता विकासका कार्यक्रम संचालन गरिनुपर्छ ।
- बाझो जग्गा पलटिङ गरी बजार व्यवस्थापन गर्ने निति अघि सारिनु पर्नेछ ।
- कृषि तथा पशुपंक्षि विमा कार्यक्रम संचालनको लागि पहल गरिनुपर्छ ।
- प्रत्येक वडामा प्रतिक्षालय र गाउँपालिकामा अनाथ वालगृह, बृद्धा आश्रम निर्माण गर्न पहल गरिनुपर्छ ।
- यस गाउँपालिकाको धुलाचौर, कवाडीमा रहेको खाद्य तथा नुन डिपोलाई निरन्तरता दिदै, विच्छ्याँका लागि स्थायी खाद्य तथा नुन डिपो राख्न विषेश पहल गरिनुपर्छ ।
- जनप्रतिनिधीहरुको पोषाकमा एकरुपता ल्याईनु पर्नेछ ।
- वजार क्षेत्र तथा धामिक क्षेत्रमा खानेपानीका धारा र सार्वजनिक सौचालय निर्माण गरी पुर्ण सरसफाई युक्त हिमालि गाउँपालिका बनाउने निति अघि सारिनुपर्छ ।
- पशु सेवा, स्वास्थ्य सेवामा संलग्न कर्मचारीलाई जोखिम भत्ता र अन्य कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने निति अघि सारिनुपर्छ ।
- यस हिमाली गाउँपालिकामा सुचना प्रसारण तथा जनचेतना अभिवृद्धि गर्न एफ.एम. संचालनको लागि पहल गरिनुपर्छ ।

**<u>प्रतिवेदक</u>**

**संयोजक : श्री लालजित थापा**

**सदस्य : श्री जित सार्की**

**सदस्य : श्री पदमकला बुढथापा**

**सदस्य सचिव : श्री जनक बहादुर शाही**

**विधेयक समिती**

**हिमाली गाँउपालिका**

**धुलाचौर, बाजुरा**